नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
# शहरी विकास तथा भवन निर्माण विभाग
(आवास शाखा)

फोन: ४२६२३६५, ४२६२४६६, ४२६२३६७, ४२६२९४५, ४२१६८८४
फ्याक्स नं.: ४२६२४३९
बबरमहल, काठमाडौं,
नेपाल ।

पत्र संख्या:- २०८२/०८३
चलानी नं.:-

मिति :२०८३/०२/०४
ने.सं. ११४६

## शहरी विकास बुलेटिन प्रकाशनको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना।

शहरी विकास तथा भवन निर्माण विभागबाट चालू आ.व. २०८२/८३ मा तेत्तीसौ अङ्कको रुपमा प्रकाशित हुने शहरी विकास बुलेटिनमा लेख रचना प्रकाशित गराउन चाहनुहुने विद्धान लेखक महानुभावहरुलाई मिति २०८३ जेठ २० गते भित्र यस विभागमा प्राप्त हुनेगरी लेख रचना पठाउनु हुन हार्दिक अनुरोध छ।

शहरी विकास बुलेटिन प्रकाशनमा यस विभागले विभिन्न प्रतिनिधिमूलक संस्थाहरुसंग समन्वय गरी मनाउदै आएको विश्व बसोबास दिवस, विश्व शहरी योजना दिवस, राष्ट्रिय भुकम्प सुरक्षा दिवस र यी सम्बन्धित विषय बस्तुहरु, भवन, आवास र शहरी विकास सम्बन्धी अध्ययन, अनुसन्धान र सिकाई एवम नीतिगत विषयलाई समावेश गरिनेछ।

शहरी विकास बुलेटिन प्रकाशनको लागि लेख रचनाको माध्यम नेपाली भाषा भएमा Kalimati यूनिकोड, Font साइज ११ मा र अंग्रजी भाषा भएमा Times New Roman Font को साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ। लेखहरु बढीमा ३००० शब्दमा लेखिएको हुनुपर्नेछ। व्याकरणीय शुद्धता र भाषा सम्पादन लेखक स्वयंले गर्नुपर्नेछ।

लेख रचनाका साथ लेखकले आफ्नो फोटो, संक्षिप्त परिचय, इमेल ठेगाना र मोवाइल नम्बर पठाउनुहुन अनुरोध छ। लेख रचनाहरु पठाउँदा इमेल ठेगाना housing.section@dudbc.gov.np मा पठाउनु पर्नेछ। शहरी विकास बुलेटिनमा प्रकाशनार्थ प्राप्त लेख रचनाहरु स्वीकार गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा रहनेछ। यस शहरी विकास बुलेटिन प्रकाशनको लागि पठाइएको लेख रचनाहरु अन्यत्र प्रकाशन नभएको हुनुपर्नेछ र अन्यत्र प्रकाशन गर्नु परेमा सम्पादक मण्डलको पूर्व स्वीकृती लिनु पर्नेछ।

**सम्पर्क:**
शहरी विकास तथा भवन निर्माण विभाग
(आवास शाखा)
बबरमहल, काठमाण्डौ।
फोन नं.: ०१-५३६२४६६
इमेल ठेगाना: housing.section@dudbc.gov.np